# त्रिभुवन विश्वविद्यालय
# शिक्षाध्यक्षको कार्यालय
## कीर्तिपुर, काठमाडौं, नेपाल


**पत्र संख्या च.नं.**

**मिति :** २०७८।२।१२

## सूचना

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को नेपालमा जोखिम नियन्त्रणका लागि विशेष सचेतता अपनाई पूर्वतयारी एवं सतर्कता अवलम्बन गर्न आवश्यक रहेकोले देशका अधिकांश स्थानहरुमा नेपाल सरकारका स्थानिय निकायहरुबाट निषेधाज्ञा/लकडाउन लागू गरिएको कारणले मौजुदा अवस्थामा त्रिभुवन विश्वविद्यालय अन्तर्गत भौतिक उपस्थितिमा सञ्चालनमा रहेका सबै पठनपाठन र परीक्षाहरु स्थगित गर्नुपरेको र यस असहज परिस्थितिमा पनि विद्यार्थीको नियमित पठनपाठन अवरुद्ध हुन नदिनका लागि त्रि.वि.का सम्पूर्ण आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसका सैद्धान्तिक कक्षाहरू र सम्भव भएसम्मका प्रयोगात्मक कक्षाहरु बैकल्पिक विधि (Online/e-classes) बाट सञ्चालन गरिएकोले यस कार्यमा संलग्न सबै शिक्षक, कर्मचारीहरुलाई कार्यकारी परिषदको निर्णयानुसार धन्यवाद ज्ञापन गरिन्छ ।

यस्तो संवेदनशील एवम् विषम परिस्थितिसँग जुध्न स्वास्थ्यका सबै मापदण्ड अपनाई सुरक्षित रही आ-आफ्नो तर्फबाट हुन सक्ने र गर्न सकिने सबै प्रकारको सहयोग अगाडि बढाउनु पर्ने दायित्व बोध गर्दै विद्यार्थीहरुको शैक्षिक गतिविधि अवरुद्ध हुन नदिन प्रयत्नशील हुन आवश्यक रहेको सन्दर्भमा अन्य व्यवस्था विश्वविद्यालयको मिति २०७८/०१/१७ को सूचना अनुसार हुनेगरी तपसील बमोजिम थप व्यवस्था मिलाउन सम्बन्धित निकायहरुलाई निर्णयानुसार अनुरोध गरिन्छ ।

(क) त्रि.वि.का सम्पूर्ण आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा बैकल्पिक विधि मार्फत सुचारु भइरहेका सैद्धान्तिक कक्षाहरू र प्रयोगात्मक कक्षाहरुलाई निरन्तरता दिंदै सञ्चालन हुन बाँकी रहेका सबै कक्षाहरु सुचारु गर्ने । रोकिएका परीक्षाहरु पनि उपयुक्त समयमा लिने सम्बन्धमा आवश्यक गृहकार्य गरी व्यवस्था मिलाउने ।

(ख) असहज परिस्थितिको अन्त्य नहुञ्जेलसम्म शिक्षकहरुले आफ्नो क्याम्पस/कार्यालयमा भौतिक उपस्थिति जनाइ रहनु नपर्ने । यस अवस्थामा सबै शिक्षकहरुलाई सम्बन्धित निकाय प्रमुखले कोभिड काज जनाउने । तर सबै पदाधिकारी, शिक्षक, कर्मचारीहरु आ-आफ्नो निकाय प्रमुखसँग सम्पर्कमा रहने र अत्यावश्यक परेको अवस्थामा कार्यालयमा उपस्थित भइ कार्य सम्पन्न गर्ने ।

(ग) वर्तमान असहज परिस्थितिलाई मध्यनजर गरी हिउँदे/बर्षे विदा पाउने शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागि यस बर्षको बर्षे विदाको व्यवस्था नगर्ने ।

प्रा.डा. शिवलाल भुसाल
शिक्षाध्यक्ष

**बोधार्थ तथा कार्यार्थ**

श्री डीनको कार्यालय

...................................

श्री परीक्षा नियन्त्रण कार्यालय, बल्खु ।


फोनः ४३३०३४२, फ्याक्सः ९७७-१-४३३१९६४, E-mail: rectoroffice@tu.edu.np, पोष्ट बक्स नं ८२१२